राजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ

## मितिः २०८१/०५/२७ गतेको कार्यपालिका बैठक

विषयः कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु सम्बन्धमा ।

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः २०८१/०५/२६ गते

प्रस्तावहरुः

१. अघिल्लो कार्यपालिकाको निर्णयको समिक्षा सम्वन्धमा।
२. मापदण्ड पारित गर्ने सम्वन्धमा ।
३. शिक्षकहरुको तलबभत्ता अनुदान सम्वन्धमा ।
४. बालविकास केन्द्रलाई अनुदान निकासा सम्वन्धमा ।
५. धार्मिक बालविकास केन्द्र मदरसा संचालनकालागि अनुदान निकासा सम्वन्धमा ।
६. प्रथम त्रैमासिक कार्ययोजना पारित गर्ने सम्वन्धमा।
७. दरवन्दी मिलान कार्यदल गठन सम्वन्धमा ।
८. विविध ।

निर्णय हुनु पर्ने व्यहोराः

१. २०८१ साल श्रावण १० गते बसेको कार्यपालिका बैठकले गरेका निर्णयको कार्यान्वयन प्रगतिबारे समिक्षा गर्नु पर्ने।
२. अस्थायी/करार शिक्षक व्यवस्थापन सम्वन्धि मापदण्ड, २०८१ पारित गर्नु पर्ने ।
३. आ.व. २०८१/०८२ को २०८१ साउन र भदौ सम्मको विद्यालयमा कार्यरत शिक्षकहरुको तलबभत्ता अनुदान निकासा गर्नु पर्ने ।
४. आ.व. २०८१/०८२ मा यस गाउँपालिका अन्तर्गतका बालविकास सहयोगी कार्यकर्ताहरुलाई तलब, प्रोत्साहन भत्ता र चाडपर्व खर्च निकासा गर्नु पर्ने ।
५. यस गाउपालिकामा वडा नं. ५ मा २०६२ सालदेखि संचालित एक मात्र धार्मिक बालविकास केन्द्र मदरसा अहले सुन्नत फैजुलउलुम संचालनका लागि अनुदान निकासा गर्नु पर्ने ।
६. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी लाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोवासीका व्यवस्थापन प्रयोजनार्थ आ.व. २०८१/०८२ को लागि पेश भएको प्रथम त्रैमासिक कार्ययोजना पारित गर्नु पर्ने ।
७. राजपुर गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा शिक्षक दरवन्दी मिलानका लागि कार्यदल गठन गर्नु पर्ने ।

निर्णयहरु:

१. २०८१ साल श्रावण १० गते बसेको कार्यपालिका बैठकले गरेका निर्णयको कार्यान्वयन प्रगतिबारे समिक्षा गर्दा कार्यान्वयन पक्ष सन्तोषजनक नै भएको र थप प्रगतिका लागि जनप्रतिनिधि तथा कर्मचारीहरु सबैले थपक्रियाशिलता अपनाउने।

२. अस्थायी/करार शिक्षक व्यवस्थापन सम्बन्धि मापदण्ड, २०८१ माथि थप अध्ययन र छलफल गर्नुपर्ने भएकाले अर्को कार्यपालिका बैठकमा पेश गर्ने।

३. आ.व. २०८१/०८२ को २०८१ साउन र भदौ सम्मको देहाय अनुसार विद्यालयमा कार्यरत शिक्षकहरुको तलबभत्ता अनुदान निकासा गर्ने ।

| क्र.स. | विद्यालयको नाम | निकासा रकम रु. | कै. |
|---|---|---|---|
| १ | जनज्योति मा.वि. बेला | ३,२९,८००/- | |
| २ | शंकर मा.वि. खरदरिया | ५२,८००/- | |
| ३ | गौरीशंकर मा.वि. भैसाहीनाका | ५२,८००/- | |
| ४ | शिवशक्ति मा.वि. भौवानाका | ५२,८००/- | |
| ५ | दुर्गा ज्ञानज्योति प्रा.वि. माररीखोला | ५०,४००/- | |
| ६ | जनकल्याण मा.वि. भैसहवा | ५०,४००/- | |
| ७ | रात्री प्रा.वि. गंगदी | ५०,४००/- | |
| ८ | बालकल्याण मा.वि. खाड्ग्रा नाका | १,५६,०००/- | |
| ९ | मा.वि. सिक्टा | १,६८,०००/- | |

४. आ.व. २०८१/०८२ मा यस गाउँपालिका अन्तर्गतको श्री जनता प्रा.वि. राजपुर-१, गुरुङनाकाको बालबिकास सहयोगी कार्यकर्ताहरुलाई प्रति महिना रु. १००००/- का दरले तलब, रु ७०००/- का दरले प्रोत्साहन भत्ता गरी २०८१ साउन र भदौ महिनाको जम्मा रु ३४,०००/- निकासा गर्ने ।

५. यस गाउपालिकामा वडा नं. ५ मा २०६२ सालदेखि संचालित एक मात्र धार्मिक बालबिकास केन्द्र मदरसा अहले सुन्नत फैजुलउलुम संचालनकालागि एक जना शिक्षकको मासिक रु १५०००/- का दरले प्रति वर्ष रु १,८०,०००/- का दरले निरन्तर रुपमा अनुदान निकासा गर्ने ।

६. भूमिहिन दलित र भूमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीका व्यवस्थापन प्रयोजनार्थ आ.व. २०८१/०८२ को लागि पेश भएको प्रथम त्रैमासिक कार्ययोजना पारित गर्ने ।

CamScanner

७. राजपुर गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा शिक्षक दरबन्दी मिलानका लागि देहाय अनुसार कार्यदल गठन गर्ने ।

संयोजक- सामाजिक विकास समितिका संयोजक

सदस्य- प्रमुख, शिक्षक महासंघ राजपुर

सदस्य- शिक्षा, यूवा तथा खेलकुद शाखा प्रमुख

आमन्त्रित सदस्य

कार्यपालिका सदस्य (अध्यक्षले तोके बमोजिम हुने) २ जना ,

शिक्षक संघ संगठनका प्रतिनिधि, ३ जना

८. विविध निर्णयहरु:

क. यस गाउँपालिकामा कार्यरत इन्जिनियर हनुमन्त चौधरीले मिति २०८१/०५/२७ गते अध्ययन विदा पूर्व स्विकृतका लागि सिफारिस गरिदिनका लागि निवेदन पेश गरेकाले मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय लुम्बिनी प्रदेशलाई सिफारिस गर्ने ।

ख. राजपुर स्वास्थ्य चौकीमा सञ्चालित एम्बुलेन्स मर्मत गरे वापतको रुकम रु. १,६०,२०१/- श्री कर्ष्ण मोटर पार्टस सप्लायर्स लमहीलाई भुक्तानीका लागि राजपुर स्वास्थ्य चौकीको च.नं. ७८ मिति २०८१/२/१७ गतेको पत्र अनुसार संलग्न राजपुर स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन समितिको निर्णय, कोटेसन र बिल बमोजिम भुक्तानी दिने ।

CamScanner